## **"प्रदेश मामिला समिति कार्यविधि, २०७५"**

**प्रस्तावना**

नेपालको संबिधानको धारा १९३ तथा प्रदेश नं. ४ प्रदेश सभा नियमावली, २०७४ को धारा १४५ को व्यवस्था बमोजिम गठन भई प्रदेश नं. ४ प्रदेश सभा नियमावली, २०७४ को धारा १४६ को व्यवस्थाअनुसारको अधिकार प्रयोग गरि कार्य गर्न कार्यविधि बनाई लागू गर्न आवश्यक भएकोले यो कार्यविधि बनाई लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "प्रदेश मामिला समिति कार्यविधि, २०७५" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "सभापति" भन्नाले प्रदेश मामिला समिति को सभापतिलाई सम्झनु पर्छ र सो शब्दले सभापतिको अनुपस्थितिमा समितिको सभापतिको रुपमा काम गर्ने अन्य सदस्य समेतलाई जनाउँछ ।

ख) "समिति" भन्नाले प्रदेश मामिला समिति लाई सम्झनु पर्छ ।

ग) "उपसमिति" भन्नाले यस, प्रदेश मामिला समिति अर्न्तगत गठित उपसमितिलाई सम्झनु पर्छ ।

घ) "बैठक" भन्नाले समितिले औपचारिक रुपमा आयोजना गर्ने कुनै पनि बैठकलाई सम्झनु पर्छ ।

ङ) कार्यदल भन्नाले प्रदेश मामिला समिति बमोजिम गठित कार्यदल सम्झनुपर्छ ।

च) "सचिव" भन्नाले प्रदेश मामिला समिति को सचिवलाई सम्झनु पर्छ ।

छ) सरकार भन्नाले प्रदेश सरकारलाई बुझिन्छ ।

**३.समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

१। प्रदेश मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, श्रोत परिचालन, व्यवस्थापन र यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको बार्षिक प्रतिबेदन प्रदेश सभाको बैठकमा पेश गर्ने ।

२। मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको राजश्व र व्ययसम्बन्धि अनुमानको जाँच गरि बार्षिक अनुमान तयार गर्ने तरिका, बार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र बार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको बार्षिक प्रतिवेदन सभामा पेश गर्ने ।

३। मानब अधिकार, सामाजिक सुरक्षा, श्रम र महिला, युवा, ज्येष्ठ नागरिक, बालबालिका र अल्पसंख्यकको कल्याण सम्बन्धि प्रदेश सरकारबाट भए गरेका कार्यहरुको अनुगमन निरिक्षण गरी आवश्यक प्रतिवेदन पेश गर्ने तथा यस्ता विषयमा आवश्यक कार्य गर्न सरकारलाई खबरदारी गर्ने ।

४। मन्त्रिपरिषदका सदस्यहरुले सरकारको तर्फबाट सभामा समय-समयमा दिएका आश्वासनहरुलाई पुरा गर्न प्रदेश सरकारद्वारा के कस्ता कदमहरु उठाईएका छन सो सम्बन्धमा अध्ययन गरि सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने ।

५। विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पतिको हिनामिना भए, नभएका अध्ययन, अनुगमन र मूल्याङ्कन गरि आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने ।

६।  सरकारद्वारा प्रचलित ऐन नियम अनुरुप भएगरेका काम कारबाहीबारे छलफल गरि सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

७। सरकारद्वारा समयसमयमा गठन हुने छानबिन आयोग⁄समिति र जाँचबुझ आयोग⁄समितिहरुद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरि सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने ।

८। प्रदेश लोक सेवा आयोगको काम कारबाही सहितको बार्षिक प्रतिवेदन र सो सम्बन्धमा नेपाल सरकारले समितिमा पेश गरेको ज्ञापनपत्रमाथि समेत विचार विमर्श गरि त्यस सम्बन्धमा सरकार र सम्बन्धित निकायबाट भए गरेका काम कारबाही कानुन सङ्गत एवं सन्तोषजनक तवरबाट भए नभएको सम्बन्धमा मुल्याङ्कन तथा छानबिन गरि सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन र समावेशी व्यवस्थाको कार्यान्वयनको अनुगमन गरि सभामा प्रतिवेदन पेश गर्न सक्ने ।

९।  समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रहि आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

१०। माथि उल्लेखित खण्डहरु बमोजिम कार्य सम्पादन गर्दा सम्बर्नधित मन्त्रालय तथा विभागका प्रतिनिधिहरु र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरुसँग समेत विचारको आदानप्रदान गर्ने ।

११। सामाजिक न्याय तथा मानबअधिकार समितिले संबिधानमा उल्लेखित बिस्तृत शान्ति सम्झौताको कार्यान्वयन र सशस्त्र द्वन्द्वको क्रममा मृत्यु भएका र बेपत्ता पारिएका व्यक्तिहरुको परिवार तथा अङ्गभङ्ग भएका र विस्थापित व्यक्तिहरुलाई सरकारबाट प्रदान गरिने राहत र संचालन गरिने पुनर्स्थापना कार्यको अनुगमन र मूल्याङ्कन गरि प्रदेश सरकारलाई आवश्यक निर्देशन दिन सक्नेछ र राष्ट्रिय मानवअधिकार आयोगको बार्षिक प्रतिवेदनमाथि बिचार बिमर्श गरि देहायका कुराहरु खुलाई सभामा प्रतिवेदन पेश गर्न सक्नेछ ।

- मानब अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नेतर्फ बाञ्छित प्रगति हुन सकेको छ वा छैन ।
- मानब अधिकार उल्लंघनकर्तालाई कानुनको दायराभित्र ल्याउन सकेको छ वा छैन ।
- मानब अधिकारको सचेतना अभिबृद्दि गर्नेतर्फको काम कारबाहीको स्थिति सन्तोषजनक छ वा छैन ।
- मानब अधिकारसँग सम्बन्धित नेपाल पक्ष सम्झौताको कार्यान्वयन स्थिति सन्तोषजनक छ वा छैन ।
- माथि उल्लेखित कार्यहरुलाई दक्षतापूर्वक सञ्चालन गराउन के कस्तो नीति वा कार्यप्रणली अवलम्बन गर्नुपर्ने देखिन्छ ।

१२। माथि उल्लेखित खण्डहरु बमोजिम कार्यसम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरु र आवश्यक परे तत् तत् विषयका  विशेषज्ञहरुसँग समेत विचारको आदानप्रदान गर्ने ।

४. **<u>समितिको बैठक</u>** :

(१)  समितिको बैठक  सभापतिले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको निर्णय  सभापतिद्वारा प्रमाणित गरिनेछ ।

(३) समितिको बैठक  सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **<u>बैठक संचालन</u>** : (१) बैठकको सभापतित्व सभापतिबाट हुनेछ । निजको अनुपस्थितिमा समितिका सदस्यहरु मध्ये जेष्ठ सदस्यबाट हुनेछ । यसरी जेष्ठ सदस्यले सभापतित्व गरेको अवस्थामा सभापतिले प्रयोग गर्ने सबै अधिकार प्रयोग गर्न सक्नेछ ।

(२) समितिको गणपूरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनेछ ।

(३)  बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मत हुन नसकेमा समितिको तत्काल कायम रहेको सदस्य संख्याको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

(४) बैठक तोकिएको मिति र समयमा बस्नेछ ।।

(५) बैठकको शुरुमा नै कार्यसूचीमा परेका बिषयको प्रकृति र महत्व समेतलाई ध्यानमा राखी बैठकको समायावधि तय गरिनेछ । आवश्यकता अुनसार सदस्यहरुले बोल्ने समयको निर्धारण गरी छलफल गरिनेछ र छलफलमा भाग लिने सदस्यले छलफलको विषयमा केन्द्रित रही निर्धारित समयभित्र आफ्नो विचार राख्नुपर्नेछ ।

(७) बैठकको बिषयवस्तुमा केन्द्रित रहन र बैठकलाई मर्यादित तुल्याउन मोवाइल वा संचार सेटलाई आफ्नो अनुकुल व्यवस्थापन गर्नु सबैको कर्तव्य हुनेछ ।

६ .**कामकारवाही गोप्य राख्न सकिने** : समितिले आफनो कार्यक्षेत्रभित्रको कुनै काम, कारवाहीको प्रकृति र  विषयको गाम्भीर्यतालाई दृष्टिगत गरी गोप्य राख्नु पर्ने आवश्यक सूचना गोप्य राख्न सक्नेछ ।

**७. उपसमिति तथा कार्यदल गठन गर्न सक्ने** :

समितिले आवश्यकता अनुसार उपसमिति तथा कार्यदलहरु गठन गरी काम गर्न सक्नेछ ।

८. **बैठकमा पालना गर्नु पर्ने नियम :** प्रदेश नं. ४, प्रदेश सभा नियमावली, २०७४ बमोजिमका व्यवस्थाहरु समितिका सदस्यले पालना गर्नुपर्नेछ ।

९. **कार्यविधिको पालना** : यस कार्यविधिको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१०. **समितिको सचिवालय:** समितिको सचिवालय प्रदेश सभा सचिवालयमा रहनेछ ।

**११. स्रोत साधनको व्यवस्थापन :**

- समितिको लागी  आवश्यक पर्ने स्रोतसाधनको व्यवस्था प्रदेश सभा सचिवालयवाट हुनेछ ।
- समितिका माननीय सदस्यहरु तथा कर्मचारीले पाउने सेवासुविधा नियमानुसार हुनेछ ।

**१२. आचारसंहिता :**

**१३. विविध** :(१) समितिले आफनो काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यतालिका निर्माण गरि लागु गर्न सक्नेछ ।

(२) समितिको कामकारवाहीमा सहयोग पु¥याउनु समितिका सदस्य तथा सरोकारवाला सबैको   कर्तव्य हुनेछ ।

**१४. अधिकार प्रत्यायोजन** : यस कार्यविधि बमोजिम समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार सचिव वा अन्य कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

**१५ .संशोधन** : समितिले आवश्यकता अनुसार यो कार्यविधी संशोधन गर्न सक्नेछ ।